# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**बागमती प्रदेश अन्तर्गतका स्थानीय तहका निम्न सेवा, समूहका अप्राविधिकतर्फका नवौं तहका पदहरूको**

## जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ११३/०७८-७९ प्रकाशन मितिः२०७८/११/०९**

**जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**बाट पूर्ति गर्नुपर्ने अप्राविधिक तर्फका नवौं तहका देहायका पदहरूका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (२) बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७८/१२/१३ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय, बागमती प्रदेश, हेटौंडामा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरूलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गरिनेछ।

**उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू**

१. निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।

२. निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ । दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

४. दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।

६. दरखास्त दस्तुर रु. १५००।-(पन्ध्र सय) बुझाउनु पर्नेछ।

७. दरखास्त दस्तुर बुझाउने स्थानः राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैंक लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१
कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)
राजश्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

८. बागमती प्रदेश भित्रका स्थानीय तहहरूमा कार्यरत एक तह मुनिका सम्बन्धित सेवा/समूहका स्थायी कर्मचारीहरू बढुवा हुन सक्नेछन् ।

९. दरखास्त बुझाउने अन्तिम मिति २०७८/१२/१३ गतेसम्म बागमती प्रदेश अन्तर्गतका स्थानीय तहहरूबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।

**जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| सि. नं. | बढुवा सूचना नं. | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा माग पद संख्या | स्थानीय तहको नाम | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३३/०७८-७९ | अधिकृत नवौं | ९ | प्रशासन | सामान्य प्रशासन | | १ | हेटौंडा उपमहानगरपालिका, महानगरपालिका | १ |